**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**BROADCAST 18.40HRS** **DATE:28.05.2024**

***Lok sabha 7th Phase***

लोकसभा चुनाउको सातौं तथा अन्तिम चरणका लागि प्रचार चरममा छ।

राजनीतिक दलहरूका शीर्ष नेताहरूले जनसभा र रोड शो गरिरहेछन्।

यस चरणमा पहिलो जूनका दिन आठ राज्यका सन्ताउन्न सीटहरूमा भोट हालिनेछ मतगणना चार जूनका दिन हुनेछ।

***Postal ballot mangan***

मंगन जिल्ला प्रशासनिक केन्द्रलाई आज सेवा मतद्‌ताहरूका जम्मा छ वटा डाक मतपत्रहरू प्राप्त भए।

जंगु, लाचेन मंगन र कावी लुङ चोक समस्टिका यी मतपत्रहरूलाई अलग्ग छुट्याएर भारतको निर्वाचन आयोगको मानदण्ड अनुरूप सीलबन्द गरी स्ट्रङ रूममा राखिएको छ।

यस अवसरमा मंगनका अतिरिक्त जिल्लाधीश श्री विस्णु लामा, चुनाउ अधिकृतहरू र राजनीतिक पार्टीका प्रतिनिधिहरू उपस्थित थिए।

***Counting training concluded***

पाकिम जिल्लामा मतगणना प्रक्रिया अन्तर्गत अन्तिम चरणको प्रशिक्षण आज सम्पन्न भयो।

मतगणना पर्यवेक्षणकर्ता, गणना सहायक र सूक्ष्म पर्यवेक्षकहरूका लागि रर्बन परिसर पारिममा भएको प्रशिक्षणमा जम्मा दुईसय पैतिसजना प्रशिक्षणार्थीहरू सहभागी बने।

प्रशिक्षणार्थीहरूलाई सम्वोधन गर्दै जिल्ला निर्वाचन अधिकारी तथा जिल्लाधीश श्री टाशी छोपेलले गणनाको तयारी र मतगणना दिवसमा अधिकृतहरूले पालन गर्नुपर्ने नियमहरूवारे अवगत गराउनुभयो।

उहाँले दुई जुन र चार जुनका लागि निर्धारित समयभन्दा अघिनै गणना हलमा पुग्ने र शान्त रहेर यसमा सहभागी हुने परामर्श दिनुभएको छ।

आफ्नो वक्तव्यमा अतिरिक्त जिल्लाधीश सुश्री अनुपा ताम्लिङ्गले गणना पर्यवेक्षकर्ताहरूलाई मतगणना सहायकहरू माथि मात्र भर नपरेर सामूहिक प्रयासद्वारा निर्धारित समयअघि कार्य पूरा गर्ने सल्लाह दिनुभयो।

प्रशिक्षण कार्यक्रममा डाक मतपत्र, इलेक्ट्रोनिक भोटिङ मशिन EVM र VVPAT गणना प्रक्रिया, अनि डाक मतपत्रहरूको जाँच, EVM खोल्ने र डाक मतपत्र खारेज हुने आधार जस्ता विषयहरूवारे जानकारी दिइयो।

***Meeting Dc north***

मंगनका जिल्लाधीश श्री हेम कुमार छेत्रीले आज आफ्नो कक्षमा आम चुनाउ 2024 को मतगणना प्रक्रियाका लागि संक्षिप्त बैठक आयोजना गर्नुभयो।

चुनाउ कार्य सफसतापूर्वक सम्पन्न हुने आशा व्यक्त गर्दै उहाँले सबै अधिकृतहरूसित यस दिशामा सकेसम्म प्रयास गर्ने आग्रह गर्नुभेको छ।

बैठकमा सबै अधिकारीहरूको भूमिका तथा दायित्व, पारदर्शिता र ट्राफिक व्यवस्था जस्ता विभिन्न विषयहरूवारे चर्चा गरियो।

यस सम्वन्धमा आउँदो एकतीस मईका दिन परीक्षण प्रक्रिया आयोजन हुनेछ।

***Meeting mangan***

उत्तर सिक्किममा टुङ भएर मंगनदेखि लाचेन जाने सड़क सम्पर्क परियोजनाका लागि जमीन क्षतिपूरण मामिलाको समाधान गर्न मंगनमा आज एउटा बैठक बस्यो।

गत वर्ष अक्टूबर महीनामा आएको भलबाड़ीले क्षतिग्रस्त सड़कका लागि प्रशासनिक प्रक्रिया दिसम्वरमा पूरा भएपछि यो परियोजना सीमा सड़क संगठन BRO र GREF ले हातमा लिएको थियो।

मंगनका अतिरिक्त जिल्लाधीश श्री विस्णु लामाले अध्यक्षता गर्नुभएको बैठकमा दुईवटा प्रमुख मामिलाहरूवारे भूमि मामिलाहरूवारे भूमि मालिकहरूलाई क्षतिपूरणको दिने निर्धारित समयमा विलम्ब भएको र सड़क सम्पर्क सम्वन्धी विषयहरूको कारणले बस्तु तथा सेवा शुल्कमा वृध्दि जस्ता दुइवटा प्रमुख विषयहरूवारे चर्चा भयो।

बैठकमा बोल्दै सीमा सड़क संगठनका कमाण्डर कर्णल ए. के ढ़ीक्षितले वर्षा थाम अगिनै सड़क सम्पर्क स्थापित गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो र भूमि मालिकहरूलाई क्षतिपूरण समयमा प्रदान गरिने कुरो बताउनुभयो।

उहाँले मंगनदेखि उता दुई सप्ताहभित्रमा सम्पर्क स्थापित गरिने बताउनुभयो।

***Order mangan DC***

यसैवीच मंगन जिल्लाधीश कार्यालयद्वारा आज जारी आदेश अनुसार टुङमा टिस्टा नदीको अस्थायी पुल अत्किएको हुनाले मंगनदेखि चुङथाङ जाने र चुङथाङदेखि मंगन फर्किने वाहनहरूले साङकलङ्ग शिपगेर मार्ग भएर यात्रा गर्नुपर्नेछ।

यो आदेश अर्को आदेश जारी नभएसम्मका लागि बैध रहनेछ।

## ***World Menstrual Hygiene Day State***

राज्यका सबै उच्चतर माध्यमिक र माध्यमिक विद्यालयहरूमा पनि आज विश्व मासिक धर्म स्वच्छता दिवस पालन गरियो।

ग्रामीण विकास विभागको स्वच्छ भारत मिशन ग्रामीणले शिक्षा विभागसित मिलेर मासिक धर्मका बेला स्वच्छता अप्नाउनुपर्ने विषय स्मवन्धमा जागरूकता कार्यक्रमहरू आयोजन गरयो।

यी कार्यक्रमहरूमा सेनिटेरी प्याडको प्रयोगमाथि जोड़ दिनका साथै विद्यार्थीहरूमा पोस्टर प्रतियोगिता आयोजित भए।

## ***Menstrual hygiene day***

आज मसिक धर्म स्वच्छता दिवस हो।

यस दिवसले कंलकलाई मेटाउने र सबैका लागि सुलभ मासिक धर्म स्वच्छता प्रवन्धनको पक्षमा एउटा वैश्विक आन्दोलनलाई दर्शाउँछ यो वर्ष यस दिवसको विषय थियो पीरियड अनुकूल विश्व।

यसले मासिक धर्म हुने प्रत्येक महिला समक्ष आफ्नो मासिक धर्मलाई गरिमापूर्ण ढंगमा प्रवन्धन गर्नका लागि ज्ञान र संसाधन होस् भन्ने कुरोका लागि अवश्यक सामूहिक प्रयासमाथि जोड़ दिन्छ।

यो दिवस मनाउने पहल दुइ हजार तेह सालमा जर्मनी आधारित गैर सरकार संगठन WASH युनाइटेडद्वारा गरिएको थियो।

## ***High court***

यसैवीच सिक्किम उच्च न्यायालयद्वारा आज जारी अधिसूचना अनुसार न्यायालयमा कार्यरत महिला कर्मचारीहरू महीनामा दुई तीन दिनका लागि मासिक धर्म अवकाश उपभोग गर्न सक्नेछन्।

तथापि उनीहरूले उच्च न्यायलयसित सम्वध्द चिकित्सा अधिकारीसित सम्पर्क गरे।

यस्तो अवकाशका लागि उनको सिफारिश लिनुपर्छ।

यो अवकाश अरू छुट्टीसँग जोड़िने छैन।